नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० अंक १२८ २०७७ साल पुस २ गते बिहीबार (17 Dec. 2020 Thursday) मूल्य रु. ५/-

**२०७५ साल भदौ १ गते लागू भएको देवानी संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- विवाह गर्नको लागि पुरुष र महिलाको उमेर बीस वर्ष पूरा भएको हुनु पर्ने,
- दर्ता विवाह (Court Marriage) जिल्ला अदालतबाट हुने,
- एकासगोलका पति पत्नीले आफ्नो सम्पत्ति, आम्दानी तथा हैसियत अनुरुप आपसी सहमतिको आधारमा घर व्यवहार चलाउनु पर्ने,
- छोरा छोरीले आमा बाबुको आज्ञा, आदेशको पालना गर्नु पर्ने,
- छोरा छोरी उपरको कर्तव्य र जिम्मेवारी आमा बाबुको बराबरी हुने,
- अंशवण्डा गर्दा गर्भको शिशुलाई समेत अंश छुट्याउनु पर्ने,
- स्याहार गर्नेले अपुताली पाउने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**Log on : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : 'अबको ८ महिनामा ... ३ पृष्ठमा : राज्य कोषबाट भुक्तानी ... ३ पृष्ठमा : चीनको फोसन फर्माद्वारा ...

# अध्यादेश फिर्ता लिई हिउँदे अधिवेशन बोलाउन जसपाको माग

**दैनिक समाचारदाता**
**राजविराज, १ पुस ।**

जनता समाजवादी पार्टी नेपालले सरकारले अध्यादेश तुरुन्त फिर्ता लिई संघीय संसदको हिउँदे अधिवेशन यथाशीघ्र बोलाउन माग गरेको छ ।

जसपाका अध्यक्षद्वय महन्थ ठाकुर र उपेन्द्र यादवले बुधबार संयुक्त विज्ञप्ति जारी गर्दै सो माग गरेका हुन् ।

सरकारको यस कदमले संसदको सर्वोच्चता रहने संसदीय लोकतान्त्रिक प्रणालीलाई नै चुनौति दिनुका साथै संविधान र लोकतान्त्रिक गणतन्त्रलाई नै धरापमा पारी मुलुकलाई राजनीतिक द्वन्दको भूमरीतर्फ धकेल्ने कार्य गरेको जारि विज्ञप्तिमा आरोप लगाइएको छ ।

'यसले सार्वभौमसत्ता सम्पन्न नेपाली जनताको सर्वोच्च निकाय जनप्रतिनिधि संस्था संघीय व्यवस्थापिका संसदलाई नै उपेक्षा गरी विधिको शासन विपरित षड्यन्त्रपूर्वक ढङ्गले सर्वसत्तावादी तथा आफ्नो स्वेच्छाचारी शासन चलाउन र संवैधानिक निकायहरूलाई नियन्त्रणमा लिन संविधानको भावना र मर्म माथि नै प्रहार गरेको छ ।' विज्ञप्तिमा भनिएको छ ।

विज्ञप्तिमा भनिएको छ, 'सरकारको यस्तो गैर-लोकतान्त्रिक एवम् स्वेच्छाचारी कार्यको घोर भर्त्सना एवम् विरोध गरिनु पर्दछ। सरकारले अध्यादेश तुरुन्त फिर्ता लिई संघीय संसदको हिउँदे अधिवेशन यथाशिघ्र बोलाउनु पर्दछ ।'

सरकारले संसदको हिउँदे अधिवेशन नबोलाई संवैधानिक परिषदको बैठकको गणपूरक संख्या सम्बन्धी व्यवस्था अर्थात संवैधानिक परिषद (काम, कर्तव्य, अधिकार र कार्यविधि) ऐन, २०६६ लाई संशोधन गर्दै राष्ट्रपति मार्फत अध्यादेश जारी गरेको छ ।

# सिरहाका तीन उद्योगमाथि मुद्दा

**दैनिक समाचारदाता**
**सिरहा, १ पुस ।**

खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय राजविराजले सिरहाका तीन उद्योगमाथि मुद्दा चलाएको छ ।

अनुगमनका क्रममा गुणस्तरहीन र न्यून गुणस्तरका सामान बिक्री गरेको पाइएपछि खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय राजविराजले तीन उद्योगमाथी मुद्दा चलाएको हो ।

लहान नगरपालिका ३ स्थित केबी एण्ड सन्स नेपाल, सिरहाको चोहर्वास्थित महावीर फुड प्रोडक्ट र लहान नगरपालिका-३ स्थित स्टार चिप्स उद्योगविरुद्ध मुद्दा चलाएको छ ।

तीनवटै उद्योगविरुद्ध खाद्य ऐन, २०२३ अन्तर्गत जिल्ला प्रशासन कार्यालय सिरहामा मुद्दा चलाइएको खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय राजविराजका प्रमुख सुरेशकुमार सिंहले जानकारी दिएका छन् ।

यसैबीच बजारमा कालोबजारी बढेको जनगुनासोपछि सिरहामा खाद्यान्न उद्योग र पसलको संयुक्त अनुगमन शुरु गरिएको छ ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय राजविराजको अगुवाइमा सदरमुकाम सिरहा, लहान, मिर्चैया, गोलबजारलगायतका बजारमा थालिएको अनुगमनका क्रममा ठूलो मात्रामा म्याद गुज्रेका सामान बरामद गरी नष्ट गरिएको प्रमुख सिंहले जानकारी दिए ।

पसल अनुगमनका क्रममा मूल्यसूची नराखेका पसलमा अविलम्ब उपभोक्तालाई देखिने गरी मूल्यसूची राख्न, म्याद गुज्रिएका खाद्यवस्तुलाई नष्ट गरी उचित व्यवस्थापन गर्न पहिलोपटक चेतावनी दिएको उनले बताए ।

# ज्यान मार्ने मुद्दाका प्रतिवादीलाई धरौटी तथा चोरी मुद्दामा जेल सजाय

**दैनिक समाचारदाता**
**राजविराज, १ पुस ।**

जिल्ला अदालत सप्तरीले ज्यान मार्ने मुद्दाका प्रतिवादीलाई धरौटीमा रिहा तथा चोरी मुद्दाका आरोपितलाई कैद सजाय सुनाएको छ ।

अदालतले जिल्लाको राजगढ गाउँपालिकाका ५५ वर्षिय सिताराम यादवलाई ज्यान मार्ने मुद्दामा ३० हजार धरोटीमा रिहा र बोदेबरसाईन नगरपालिकाका ५५ वर्षिय जगदेव यादवलाई चोरीको मुद्दामा कैद र जरिवानाको

*बाँकी अन्तिम पृष्ठमा*

# प्रदेश स्तरीय महिला क्रिकेटमा सिरहा र बारा बिजयी



**दैनिक समाचारदाता**
**राजविराज, १ पुस ।**

प्रधानमन्त्री कप राष्ट्रिय क्रिकेट प्रतियोगिताका लागि राजबिराजमा संचालित प्रदेश स्तरीय महिला क्रिकेट प्रतियोगिताको बुधबार सम्पन्न खेलमा सिरहाले महोत्तरीलाई तथा बाराले सर्लाहीलाई पराजित गरेको छ ।

स्थानिय राजरंगशाला संचालित पहिलो खेल अर्न्तगत महोत्तरीले टसजिती पहिलो ब्याटिंग गर्ने निर्णय गर्दै निर्धारित २० ओभरको खेलमा ५ बिकेटको नोक्सानीमा १ सय २९ रनको योगफल तयार पारेको थियो ।

महोत्तरीका लागि शोभा आलेले ३२ बलमा ५ चौक्काको मद्धतले ३८ रन तथा बिमला मगरले २९ बलमा २ चौक्काको मद्धतले २५ रनको योगदान दिएका थिए । बलिंग तर्फ सिरहाका सन्तोषि चौधरी र कविता गौतमले १/१ बिकेट लिएका थिए ।

एक सय ३० रनको बिजयी लक्ष्य लिई मैदानमा ओर्लेको सिरहाले उक्त लक्ष्य सजिलै १ बिकेटकै नोक्सानीमा प्राप्त गरेको थियो । सिरहाका लागि आरती चौधरीले प्रतियोगिताकै पहिलो अर्धशतक बनाउदै ४८ बलमा ९ चौक्काको मद्धतले ५२ रनको योगदान दिएका थिए भने आरती चौधरी ५६ बलमा ३२ तथा सरस्वती चौधरी १४ रनमा नटआउट रहेका रहेका थिए । बलिंग तर्फ एक मात्र बिकेट महोतरीका गोमा आलेले प्राप्त गरेका थिए । खेलमा उत्कृष्ट ब्याटिंग गरेका सिरहाका अनुराधा चौधरीलाई म्यान अफ द म्याच प्रदान गरियो ।

यस्तै बुधवारै सम्पन्न अर्को खेलमा सर्लाहीले टसजिती पहिलो ब्याटिङ गर्दै निर्धारित २० ओभरको खेलमा १४ ओभर ४ बलमा सम्पुर्ण बिकेट गुमाई ६९ रनको योगफल तयार पारेको थियो । सर्लाहीका लागि कुनै पनी खेलाडिले दोहोरो अंक छुन सकेका थिएन भने अतिरिक्त रनको रुपमा ४४ रन प्राप्त गरेका थिए । बलिंङतर्फ बाराका साना प्रबिनले उत्कृष्ट बलिंग गर्दै ४ ओभरमा १ मेडन सहित ८ रन दिई ४ बिकेट प्राप्त गरेका थिए भने चान्दनी अधिकारीले ४ ओभरमा १४ रन दिई ४ बिकेट प्राप्त गरेका थिए ।

*बाँकी अन्तिम पृष्ठमा*



# कोरोना संक्रमितको संख्या अढाइ लाख नाघ्यो

काठमाडौँ, १ पुस (रासस)।

नेपालमा कोरोना भाइरसबाट सङ्क्रमित हुनेको सङ्ख्या अढाइ लाख नाघेको छ। बुधबार थप ७३६ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ। योसँगै नेपालमा कोरोना भाइरसबाट सङ्क्रमितको सङ्ख्या दुई लाख ५० हजार ९१६ पुगेको छ।

पछिल्लो २४ घण्टामा पाँच हजार ५५५ जनाको पिसिआर परीक्षण गरिएको थियो। हालसम्म १८ लाख ४९ हजार १३६ जनाको पिसिआर परीक्षण गरिएको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार हालसम्म दुई लाख ३९ हजार ४१६ कोरोना भाइरसबाट मुक्त भई घर फर्किएका छन्। पछिल्लो २४ घण्टामा देशभर ८४७ सङ्क्रमित निको भएर घर फर्किएका छन्। हाल देशभर नौ हजार ७५७ सक्रिय सङ्क्रमित रहेका छन्।

**काठमाडौँ उपत्यकामा ३९१ सङ्क्रमित थपिए**

काठमाडौँ उपत्यकामा ३९१ कोरोना सङ्क्रमित थपिएको मन्त्रालयले जनाएको छ। सङ्क्रमित हुनेमा २२८ पुरुष र १६३ महिला छन्। योसँगै उपत्यकामा सङ्क्रमितको सङ्ख्या एक लाख १६ हजार ९४२ पुगेको छ।

बुधबार थपिएका सङ्क्रमितमध्ये काठमाडौँका २९४, ललितपुरका ७७ तथा भक्तपुरका २० रहेका छन्। उनीहरूको उपत्यकाका विभिन्न प्रयोगशालामा परीक्षण गरिएको थियो। हालसम्म काठमाडौँमा मात्र ९३ हजार ७९६ सङ्क्रमित भएका छन् भने ४५० जनाको कोरोनाबाट मृत्यु भएको छ। हालसम्म ८९ हजार १७९ जना कोरोनाबाट निको भएका मन्त्रालयले जनाएको छ।

यस्तै ललितपुरमा हालसम्म १४ हजार ५९८ सङ्क्रमित भएका छन्। तीमध्ये १३७ जनाको मृत्यु भएको छ। तेह्र हजार ६९९ कोरोनाबाट मुक्त भएका छन्। भक्तपुरमा हालसम्म आठ हजार ५४८ जना कोरोनाबाट सङ्क्रमित भएकामा आठ हजार १०० जना मुक्त भएका छन्। कोरोनाबाट भक्तपुरमा ९७ जनाको मृत्यु भइसकेको छ।

**कोरोनाबाट थप १३ को मृत्यु**

नेपालमा कोरोना भाइरसको सङ्क्रमणबाट थप १३ को मृत्यु भएको छ। योसँगै नेपालमा कोरोना भाइरसको सङ्क्रमणबाट ज्यान गुमाउनेको सङ्ख्या एक हजार ७४३ पुगेको मन्त्रालयले जनाएको छ। मङ्गलबार कोरोना सङ्क्रमणबाट १४ जनाको ज्यान गएको थियो। बुधबार मृत्यु हुनेमा तीन जना काठमाडौँ उपत्यकाका छन्।

# ‘अबको ८ महिनामा धरहरा पुनः निर्माण सकिन्न’

काठमाडौँ, १ पुस (रासस)।

धरहरा चढेर काठमाडौँ शहर नियाल्ने रहर पूरा गर्न नेपाली जनताले अझै धेरै समय कुर्नुपर्ने भएको छ। बीसौँ तलाको धरहराको शिरानी तलाको अहिले ढलान गर्ने तयारी भइरहेको छ। अहिलेसम्म ᒪ पुनःनिर्माणको ५० प्रतिशत मात्र काम सम्पन्न भएको छ।

गोरखा भूकम्पको तीन वर्षपछि मात्रै सो सम्पदाको पुनःनिर्माणको कामले गति लिएको हो। भूकम्पले ढलेको भीमसेनस्तम्भ पुनःनिर्माणको प्रधानमन्त्री केपी शर्मा ओलीले विधिवत् रूपमा २०७५ पुस १२ गते उद्घाटन गर्नुभएको हो। मुख्तियार भीमसेन थापाले विसं १८८२ मा पत्नी त्रिपुरासुन्दरीको सम्झनामा निर्माण गर्न लगाएको ११ तले धरहरालाई नब्बे सालको भूकम्पले क्षति पारेपछि नौतले बनाइएको थियो।

दुई वर्षका अवधिमा निर्माण सम्पन्न गर्ने लक्ष्य लिइए पनि हिजोआज निर्माणका काममा सुस्तता देखिएको छ। राष्ट्रिय पुनःनिर्माण प्राधिकरणका सम्पदाविज्ञ राजुमान मानन्धर शुरुआती चरणमा तीव्र रूपमा निर्माणको काम भए पनि पछिल्लो समय सोहीअनुरुप काम अघि बढ्न नसक्दा थप गरिएका समयमा पनि काम सकिन्छ भन्नेमा शङ्का उब्जिएको बताउनुहुन्छ। कोरोना महामारी र अन्य केही आन्तरिक समस्याका कारण निर्धारित समयमै काम पूरा नहुने भएपछि पुनःनिर्माण प्राधिकरणले आठ महिना समय थप गरिदिएको छ।

नेपाली र केही भारतीयसहित दैनिक १५० कामदार नियमित रूपमा निर्माणमा जुटिरहेका छन्। धरहरा पुनःनिर्माणका प्रोजेक्ट म्यानेजर श्याम श्रेष्ठ आफूहरूले प्राधिकरणसँग थप २१ महिनाको समय माग गरेको तर आठ महिना मात्रै थपिएको बताउनुहुन्छ। त्यसकारण थप समयभित्र सबै काम सक्न मुश्किलै छ। “धरहरा निर्माणको मुख्य काम सकिन्छ तर सौन्दर्य अभिवृद्धि र पार्किङको काम पनि धेरै रहेकाले फेरि समय थप्नुपर्ने हुनसक्छ”, म्यानेजर श्रेष्ठले भन्नुभयो।

उहाँका अनुसार ऐतिहासिक ढुङ्गेधारा क्षेत्रलाई संरक्षण गर्ने गरी काम भइरहेको छ। ढुङ्गेधाराबाट निरन्तर पानी खस्ने व्यवस्था गर्न लागिएको छ। रमन कन्स्ट्रक्सनले ठेक्का पाएको धरहराको पुनःनिर्माणमा रु तीन अर्ब ४८ करोड खर्च लाग्ने बताइएको छ। पहिलाको धरहराभन्दा नयाँ बन्ने धरहरा थप चौडा हुनेछ। यहाँ दुई लिफ्ट रहने छन्। साथै एउटा परम्परागत भऱ्याङ पनि हुनेछ। आगन्तुकले दुईमध्ये एक रोजेर प्रयोग गर्न सक्छन्।

बयालीस रोपनी क्षेत्रफलमा फैलिने धरहरा परिसरमा बगैँचा, सङ्ग्रहालय, रङ्गीन जलफोहरा, प्रदर्शनी कक्ष, पुस्तकालय, पार्किङस्थल, रेष्टुराँ र व्यापारिक पसलसमेत हुनेछन्। बाहिरबाट ११ तलाको देखिने भए पनि स्तम्भ २२ तलाको हुनेछ। यसको उचाइ ७२ मिटर तथा १४.६३ मिटरको आधार रहने छ। पहिले गोश्वारा हुलाक भएको स्थानमा उद्यान बन्ने छ। उद्यानभित्र बस्ने ठाउँ, ढुङ्गेधारा, हरियाली चौर र चमेनागृह हुनेछ। यहाँ पढ्न, ध्यान गर्न या आरामसँग बस्न चाहने सबैका लागि सुविधा उपलब्ध हुनेछ। यहाँ ३५० गाडी र ६ हजार मोटरसाइकल पार्किङ्ग गर्न मिल्ने बताइएको छ। धरहराको १८ औँ तलामा अवलोकन कक्षसहित सङ्ग्रहालय, फोहरा, बगैँचा र खाजाघर पनि रहने छन्।

पचास वर्षअघिदेखि हुलाक सेवा दिँदैआएको यहाँको गोश्वारा हुलाक कार्यालयलाई अहिले बबरमहलको आपूर्ति व्यवस्था विभागकै प्राङ्गणमा सारिएको छ। गोश्वारा हुलाकको भवन भएका ठाउँमा तीनतले भूमिगत पार्किङ स्थल बन्ने छ। यहाँस्थित टक्सार विभाग पनि बबलमहलमा स्थानान्तरण भएको छ। टक्सार विभाग रहँदा सुरक्षाका कारण बन्द गरिएको पुरानो बाटोलाई स्थानीय जनताको मागअनुसार केही समयअघिदेखि खोलिएको छ।

# असार मसान्तसम्म ऋणीलाई कालोसूचीमा राख्न नपाइने

काठमाडौँ, १ पुस (रासस)।

कोरोनाबाट प्रभावित उद्योगी तथा व्यवसायीले ऋण तिर्न नसकेको खण्डमा आगामी असार मसान्तसम्म बैंक तथा वित्तीय संस्थाले कालोसूचीमा राख्न नपाउने भएका छन्।

नेपाल राष्ट्र बैंकले बुधबार बैंक तथा वित्तीय संस्थालाई एकीकृत निर्देशन दिँदै कोभिड-१९ बाट प्रभावित व्यवसायीले बैंक तथा वित्तीय संस्थाबाट लिएको ऋण तिर्न नसकेमा आगामी असार मसान्तसम्म कालोसूचीमा पर्नबाट रोकिने भएको छ।

केन्द्रीय बैंकले चालू आर्थिक वर्षको मौद्रिक नीतिको त्रैमासिक समीक्षामा गरेको नयाँ व्यवस्थाअनुसार एकीकृत निर्देशिका जारी गर्दै उक्त व्यवस्था गरेको हो। कोरोनाबाट प्रभावित ऋणीको हकमा छ महिना वा सोभन्दा कम अवधिको ब्याज बक्यौता रहेको अवस्थामा कालोसूचीमा समावेश गर्ने प्रक्रियाको समयसीमा बढाइएको हो। यस्तै केन्द्रीय बैंकले ‘क’, ‘ख’ र ‘ग’ वर्गका बैंक तथा वित्तीय संस्थालाई जारी गरेको नयाँ निर्देशिका अनुसार कम्तीमा २५० दिनको कारोबार मूल्य नभएका कम्पनीलाई शेयर धितोमा कर्जा नदिने व्यवस्था गरेको छ।

राष्ट्र बैंकका अनुसार पछिल्लो तीन वर्ष लगातार नोक्सानीमा रहेका संस्था, व्यावसायिकरुपमा सञ्चालनमा आएको एक वर्ष व्यतित नभएका संस्था, विगत तीन वर्षदेखि साधारणसभा नगरेका संस्था र कम्तीमा २५० दिनको कारोवार मूल्य नभएका संस्थाको शेयर धितो राखेर कर्जा लिन पाइने छैन।

त्यस्तै प्रयोजन नखुलेका कूल व्यक्तिगत अधिविकर्ष कर्जा अधिकतम प्रतिव्यक्ति रु ५० लाखसम्म मात्र प्रवाह गर्न सकिने व्यवस्था गरिएको छ। कर्जा प्रवाह गर्ने बैंक तथा वित्तीय संस्थाले कर्जा प्रवाह गर्दाका बखत उक्त सीमा ननाघेको यकीन गरेर मात्र कर्जा प्रवाह गर्नुपर्ने व्यवस्था गरिएको केन्द्रीय बैंकले जनाएको छ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती

Dr. Dinesh Upreti

MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141

कन्सलटेन्ट फिजिसियन

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह

Dr. Parasmani Shah

MBBS (BPKIHS), MD (BPKIHS, Dharan)

NMC Reg. No. : 13297

दुखाई विशेषज्ञ

Anaesthesiology & Critical Care Medicine

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569



## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोरोना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरुलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न नि:शुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# राज्य कोषबाट भुक्तानी पाए घर फर्किने उखु किसानको भनाइ

काठमाडौँ, १ पुस (रासस)।

सरकारले उखु किसानको माग सम्बोधन गर्न छलफलका लागि बोलाए पनि किसानले अस्वीकार गरेका छन्। चिनी उद्योगीबाट बाँकी बक्यौता भुक्तानी दिलाइदिने सरकारको यसअघिको प्रतिबद्धता पूरा नभएको भन्दै उहाँहरुले वार्ता अस्वीकार गरेका हुन्।

यसअघिको उधारो सम्झौताले किसानले अझै पनि उखुको भुक्तानी पाउन नसकेको भन्दै उहाँहरुले बक्यौता भुक्तानी भए आफूहरु तत्काल घर फर्कने बताउनुभयो। उखु किसान सङ्घर्ष समिति सर्लाहीका संरक्षक राकेश मिश्रले आफूहरु वार्ताको विरोधी नभएको र किसानले पाउनुपर्ने रकम भुक्तानी हुनेबित्तिकै घर फर्कन तयार बताउनुभयो। "गत वर्ष उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले किसानलाई उद्योगीबाट तत्काल बक्यौता भुक्तानी दिलाइदिने प्रतिबद्धता जनाएको भए पनि पूरा भएन, यही अवस्थामा घर फर्किए किसानले पाउनुपर्ने रकम पाउँछन् भन्ने विश्वास छैन", उहाँले भन्नुभयो।

आन्दोलनरत किसानले पाउनुपर्ने रकम राज्य कोषबाट भुक्तानी गरिदिन आफूहरुले मौखिकरुपमा सरकारलाई आग्रह गरेको उहाँले बताउनुभयो। "किसानले पाउनुपर्ने सम्पूर्ण रकम सरकारले राज्यकोषबाट भुक्तानी गरिदिए हामी घर फर्कन्छौँ", उहाँले भन्नुभयो, "किसानलाई भुक्तानी गर्नुपर्ने रकमको ब्याजसहित उद्योगीबाट सरकारले असुलउपर गरोस्, यो हाम्रो माग हो।" सङ्घर्ष समितिले राज्य कोषबाट किसानलाई तत्काल भुक्तानी दिन र उद्योगीबाट ब्याजसहित असुलउपर गर्न सरकारलाई लिखित आग्रह गर्ने तयारी गरेको उहाँको भनाइ छ।

यता उद्योग मन्त्रालयले भने उखु किसानले उठाएका विषय सम्बोधन गर्न तयार रहेको भए पनि किसान छलफलका लागिसमेत तयार नदेखिएको जनाएको छ। मन्त्रालयका सहसचिव डा नारायण रेग्मीले उखु किसानलाई समस्या समाधानका लागि छलफलमा पटकपटक बोलाइएको बताउनुभयो। "हामीले वार्ताका लागि उहाँहरु (उखु किसान) लाई बोलाएका छौँ", उहाँले भन्नुभयो, "किसान छलफलका लागि आउनुभएको छैन।"

# अध्यादेश बदर गर्न माग गर्दै सर्वोच्चमा तीन रिट

काठमाडौँ, १ पुस (रासस)।

सर्वोच्च अदालतमा संविधानसँग बाझिने गरी ल्याएको अध्यादेश बदर गर्नुपर्ने माग गर्दै तीन वटा छुट्टाछुट्टै रिट निवेदन दायर गरिएको छ।

प्रधानमन्त्री केपी शर्मा ओली, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, राष्ट्रपतिको कार्यालयलगायतलाई विपक्षी बनाई वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी, अधिवक्ता ओमप्रकाश अर्याल र कञ्चनकृष्ण न्यौपानेले बुधबार सो माग राख्दै छुट्टाछुट्टै रिट निवेदन दायर गर्नुभएको हो।

नेपालको संविधानले नै संवैधानिक परिषद्मा छ सदस्यीय संरचनाको व्यवस्था गरेको उल्लेख गर्दै रिट निवेदनमा अध्यादेशले संविधानको मूल्यमान्यतालाई भत्काएको उल्लेख छ। संवैधानिक परिषद्को बैठक बोलाउने काम, बैठकमा उपस्थित हुने सदस्यको कामसमेत असंवैधानिक भएको रिट निवेदनमा उल्लेख छ।

संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि), २०६६ लाई सरकारले मङ्गलबार अध्यादेशमार्फत संशोधन गरी सरकारको सिफारिसमा राष्ट्रपति विद्यादेवी भण्डारीले स्वीकृत गर्नुभएको थियो।

# मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएको झारपात हटाउने। आवश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गको स्टोकिँग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी-१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी-२ | स्टोकिङ्ग डेन्सिटी-३ | स्टोकिङ्ग डेन्सिटी-४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | ३० | ४० | ३० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | ३० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रहु | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**माछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
**मोबाईल नं. ९८५२८२०९३५**

## विश्व समाचार

# चीनको फोसन फर्माद्वारा बायोएनटेकबाट १० करोड खोप किन्ने तयारी

बेइजिङ, १ पुस (रासस/एएफपी)।

चीनको एउटा औषधि निर्माता कम्पनी फोसुन फर्माले जर्मन औषधि निर्माता कम्पनी बायोएनटेकबाट कोभिड-१९ विरुद्धको खोप कम्तीमा १० करोड डोज खरिद गर्ने सम्झौता गरेको जनाएको छ। तर यसका लागि चीन सरकारबाट अनुमति प्राप्त हुनु पर्नेछ। चीनले कोभिड-१९ विरुद्धको खोप आफैं विकास गर्नुका साथै उत्पादन क्षमता बढाउन कार्य गरिरहेको छ। विश्वकै सर्वाधिक जनसंख्या रहेको चीनको आवश्यकता पूरा गर्न स्थानीय फर्मले विदेशी कम्पनीसँग पनि साझेदारी गरिरहेका छन्। शाङघाई फोसुन फर्मास्युटिकल ग्रुपले चीनमा आवश्यक खोपको आपूर्ति सुनिश्चित गर्न जर्मन कम्पनीसँग सम्झौता गरिएको जनाएको छ। यसै वर्षको अन्त्यसम्ममा पाँच करोड डोज खोपका लागि १५ करोड २० लाख डलर भुक्तानी गर्ने र बाँकी १२ करोड ५० लाख युरो चीनले खोप स्वीकृत गरेपछि भुक्तानी गर्ने फोसुनले बताएको छ।

बाँकी पाँच करोड खोप कहिले चीन आइपुग्छ भन्ने फोसुनले स्पष्ट गरेको छैन। फाइजर र बायोएनटेकले उत्पादन गरेको कोभिड-१९ विरुद्धको खोप यसअघि नै संयुक्तराज्य अमेरिका, बेलायत र सिंगापुरसमेतका मुलुकमा लगाउन थालिएको छ। चीनमा हाल पाँच किसिमका खोप अन्तिम चरणमा रहेका छन्। हाल कम्तीमा १० लाखभन्दा बढी व्यक्तिलाई खोप लगाउनुपर्ने अवस्था रहेको चिनियाँ अधिकारीले बताएका छन्। विश्वका अन्य मुलुकमा चिनियाँ खोप वितरणका लागि चीनले सम्झौता पनि गरिरहेको छ। चिनियाँ खोपको मूल्य ६४ डलर (दुई डोज) पर्दछ।

# विद्यालयबाट ३३३ विद्यार्थी अपहरण गरेको बोको हरामद्वारा स्वीकार

अबुजा, १ पुस (रासस/सिन्ह्वा)।

नाइजेरियाको लागोसमा शुक्रबार राति र आइतबार गरी बन्दुकधारीले विद्यालयमा आक्रमण गरी यहाँका ३०० भन्दाबढी विद्यार्थी बेपत्ता गरिएको घटनाको यहाँको आतङ्ककारी समूह बोको हरामले जनाएको छ। यहाँका सुरक्षा अधिकारीले दिएको जानकारीअनुसार बन्दुकधारीले गरेको सो हमलामा परी यहाँका ३३३ जना बालबालिका हराएका थिए। ती बालबालिकालाई तिनै आक्रमणकारीले अपहरण गरी लगेको अनुमान गरिएको थियो। बोको हराम नामक यहाँको आतङ्ककारी संगठनले बुधबार ती बालबालिका आफूले अपहरण गरी लगेको र अहिले पनि उनीहरु आफूसँगै रहेका बताएको हो। नाइजेरियाको उत्तर पश्चिमी राज्य कातसिनाको एक प्राथमिक विद्यालयमा गएको शुक्रबार राति र आइतबार सो हमला भएको हो। त्यस हमलामा परेर ३३३ जना विद्यार्थी अपहरित भएका थिए। सो राज्यका गभर्नर अमिनु मासारीले सो बालबालिका अपहरण परेको सूचना प्राप्त भएपछि खोजी जारी राखिएको बताउनुभयो। उहाँले शुक्रबार र आइतबार सो विद्यालयमा गरिएको हमलाका कारण सो विद्यालयका ३०० भन्दा बढी विद्यार्थी सम्पर्कहिन भएका बताउनुभएको हो। मासारीले अपहरणकारीले स्वीकार गरिसकेको समाचार आएको पनि बुधबार जनाउनुभयो। उहाँले ती अपहरणकारी सरकारी खोजकर्ताको सम्पर्कमा आएका र उनीहरुसँग बालबालिकालाई मुक्त गर्ने विषयमा कुराकानी भइरहेको बताउनुभएको छ।

बोको हराम संगठनका नेता अबुबाकर सेकाउले बुधबार एक अडियो सन्देश पठाएर ती विद्यालयमा आफूले अपहरण गरेको भन्दै विद्यालयका ३३३ जना बालकालिका आफूहरुसँग रहेको बताएका छन्। सो विद्यालयमा ८३९ जना विद्यार्थी अध्ययनरत रहेको बताइएको छ। अज्ञात बन्दुककारीले ती विद्यार्थीलाई अपहरण गरेर लगेको हुनसक्ने अनुमान गरिएकै बेला यो सन्देश आएको छ।

हराएका बालबालिकाका अभिभावकले आफ्ना छोराछोरी अपहरणमा परेकोले तत्कालै खोजी गरिदिन आग्रह गरेका छन्। नाइजेरियाका राष्ट्रिय सुरक्षा सल्लाहकारले पनि अपहरणमा परेका ती बालबालिकाको उद्धारका लागि कडा सुरक्षाका साथ काम गर्न उक्त राज्यको सरकारलाई आग्रह गर्नुभएको छ। नाइजेरियाका राष्ट्रिय सुरक्षा सल्लाहकार बबग्ना मगुनोले कातसिना राज्य सरकारलाई सो आग्रह गर्नुभएको समाचारमा जनाइएको छ। उता गभर्नर मासुरीले राज्यका सबै बोर्डिङ स्कूल बन्द गर्न सबैलाई आग्रह गर्नुभएको थियो। सो बमोजिम बोर्डिङ स्कूल बन्द गराइएको छ। पछिल्लो समयमा यहाँका विद्यालयमा असुरक्षा बढेको भन्दै अब विद्यालय नै बन्द गरेर खोजी जारी राखिने बताउनुभएको थियो। सोही बमोजिम सुरक्षा निकायले खोजी जारी राखेको पनि बताइएको छ।

नाइजेरियाको बोको हराम आतङ्ककारी समूहले विद्यालयबाट विद्यार्थीलाई अपहरण गरेर लैजाने र आफ्नो सैन्य समूहमा भर्ती गर्ने गर्दछन्। तर यो पछिल्लो पटक भएको अपहरणको घटनाको बारेमा भने उनीहरुले केही बताएका छैनन्। सरकारले भने सो समूहले ती बालबालिका अपहरण गरेको हुनसक्ने जानकारी गराएको छ।

# भारतमा कोरोना सङ्क्रमित ९९ लाख ३२ हजारभन्दा बढी

नयाँदिल्ली, १ पुस (रासस/सिन्ह्वा)।

भारतमा कोरोनाभाइरसबाट सङ्क्रमितको संख्या बुधबारसम्म ९९ लाख ३२ हजारभन्दा बढी पुगेको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको छ। विगत २४ घण्टाको अवधिमा भारतमा २६ हजार नयाँ सङ्क्रमित फेला परेका छन्। गत २४ मा भारतमा कोरोना सङ्क्रमणको कारण ३८७ जनाको मृत्यु भएपछि कोरोनाभाइरसबाट मृत्यु हुनेको संख्या एक लाख ४४ हजार ९६ जना पुगेको छ। मन्त्रालयको पछिल्लो विवरणमा ९४ लाख ५६ हजार व्यक्ति सङ्क्रमणमुक्त भएको देखिएको छ। हाल भारतमा तीन हजार ३२ हजार सक्रिय सङ्क्रमित रहेका छन्। यसैबीच, सरकारले देशका विभिन्न भागमा कोभिड-१९ परीक्षणलाई तिब्रता दिने बताएको छ। भारतीय स्वास्थ्य अनुसन्धान परिषद्ले देशभर १५ करोड ५६ लाखको हाराहारीमा नमूना परीक्षण गरेको जनाएको छ। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले कोभिड-१९ को खोप केही हप्ताभित्रै तयार गर्नेगरी कार्य भइरहेको बताउनु भएको छ।

# भन्सार छलेको र वेवारिसे कपडासहित दुई पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, १ पुस ।**

सप्तरी प्रहरीले भारतबाट नेपालतर्फ भन्सार छलेर ल्याउँदै गरेको तथा वेवारिसे अवस्थामा रहेको रेडिमेड कपडाहरु बरामद गरेको छ ।

जिल्लाको बलान बिहुल गाउँपालिका वडा नं. ४ मौवा चौकमा भारतबाट नेपालतर्फ भन्सार छलेर स.४ प.५१७६ न.को मोटरसाईकलमा ल्याउँदै गरेको कुर्ता सुरुवालका कपडाहरु प्रहरीले बरामद गरेको हो ।

प्रहरी टोलीले फेला पारी मोटरसाईकलमा सवार जिल्लाकै खडक नगरपालिका वडा न.४ निवासी १८ वर्षिय राहिम खान र फारुक मोहमदसहित मोटरसाईकल, १८ पिस कुर्ता सुरुवालगरि १ लाख ४७ हजार मुल्य बरामदको सामानहरु आबश्यक कारवाहीको लागी राजबिराज भंसार कार्यालय तिलाठी पठाएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

यस्तै प्रहरीले जिल्लाको बिष्णुपुर गाउँपालिका वडा न. ६ स्थितमा अबैध रुपमा भन्सार छली ल्याउँदै गरेको १ लाख १७ हजार ८ सय मुल्य बराबरको बिभिन्न रेडिमेडका लत्ताकपडाहरु बेबारिसे अवस्थामा फेला पारेको छ ।

फेला पारेको उक्त सामानहरु आवश्यक कारवाहीको लागी राजबिराज भंसार कार्यालय तिलाठी पठाएको प्रहरीले जनाएको छ ।

# ६५ लाखभन्दा बढीको गहना बरामद

**दैनिक समाचारदाता**
**पर्सा, १ पुस ।**

जिल्ला प्रहरी कार्यालय पर्साले वीरगञ्जबाट ६५ लाखभन्दा बढी मूल्यको चाँदीको गहना नियन्त्रणमा लिएको छ ।

वीरगञ्ज महानगरपालिका ६ गहवामा सञ्चालित रहेको जय नरसिंह ज्वयलर्सको गोदामा छापामारी प्रहरीले ६५ किलोभन्दा बढी चाँदीका गहना बरामद गरेको हो ।

भारतबाट अवैधरुपमा भित्रचाइएका गहना भण्डारण गरी राखिएको पूर्वसूचनाका आधारमा कारवाही गर्दा उक्त परिमाणका. गहना बरामद गरिएको प्रहरी उपरीक्षण गङ्गा पन्तले जानकारी दिएका छन् ।

समान बरामद भएपछि आवश्यक अनुसन्धानका लागि ज्वायलर्सकी सञ्चालिका सुनिताकुमारी सर्राफका श्रीमान् दीपक सर्राफलाई नियन्त्रणमा लिइएको बताए ।

बरामद गरिएको गहना र नियन्त्रणमा रहेका व्यक्तिलाई आवश्यक कारवाहीका लागि बुधबार राजश्व अनुसन्धान कार्यालय पथलैयामा पठाउने तयारी भएको उपरीक्षण पन्तले जानकारी दिए ।

यता बरामद भएका सबै गहना नेपालमै उत्पादन गरिएको र सबै गहनाको कागजात दुरुस्त रहेको सुन चाँदी व्यवसायी सङ्घ पर्साका उपाध्यक्ष बच्चा सर्राफले जानकारी दिए ।

### ज्यान मार्ने...

फैसला गरेको हो ।

राजगढ गाउँपालिका २ बस्ने ७० वर्षिय सन्तु यादवको जाहेरीको आधारमा ५५ वर्षिय सिताराम यादवलाई ज्यान मार्ने उधोग मुद्दामा अदालतले ३० हजार धरौटी लिई तारेखमा रिहा गरेको छ ।

यता बोदेबरसाईन नगरपालिका वडा नं. ७ बस्ने ५५ वर्षिय जगदेव यादवलाई चोरी मुद्दामा कैद र जरिवाना असुर उपर गर्न कारागार चलान गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# क्लिनफिडले बन्द टेलिभिजन च्यानल पुनः सञ्चालन

काठमाडौं, १ पुस (रासस) ।

सरकारले गत कात्तिक ८ गतेदेखि नेपालमा सञ्चालित विदेशी टेलिभिजन च्यानल पूर्णरूपमा विज्ञापनरहित (क्लिन फिड) लागू भएपछि रोकिएका च्यानल पुनः सञ्चालनमा आएका छन् । विदेशी टेलिभिजन च्यानल विज्ञापनरहित भएको करीब २ महिनापछि डिसहोम मिडिया प्रालिबाट प्रसारण हुने स्टार नेटवर्कअन्तर्गतका ३२ वटा च्यानल मङ्गलबारबाट पुनः सञ्चालनमा आएको हो ।

विदेशी ब्रोडकास्टरले तत्काल विज्ञापनरहित च्यानलहरू उपलब्ध गराउन नसकेका कारण प्रसारण अवरुद्ध भएका च्यानलहरू पुनः विज्ञापनरहित प्रसारणमा आएको डिसहोम मिडिया प्रालिले जनाएको छ । डिसहोम मिडिया प्रालिका प्रबन्ध निर्देशक सुदीप आचार्यका अनुसार स्टार नेटवर्कअन्तर्गत स्टार प्लस, स्टार गोल्ड, स्टार भारत, स्टार मुभिज, स्टार गोल्ड, स्टार गोल्ड टु, स्टार गोल्ड सेलेक्ट, स्टार प्लस एसडी, स्टार उत्सभ मुभिजलगायत च्यानल विज्ञापनरहित प्रसारणमा आएका छन् ।

उहाँका अनुसार विदेशी ब्रोडकास्टले तत्काल विज्ञापनरहित च्यानलहरू उपलब्ध गराउन नसक्दा तथा आएका उपकरणसमेत करीब एक महिनाभन्दा बढी भन्सार कार्यालयमा रोकिँदा च्यानल पुनः सञ्चालनमा आउन समय लागेको हो ।

### प्रदेश स्तरीय ...

७० रनको झिनो लक्ष्य लिई मैदानमा ओर्लेको बाराले उक्त लक्ष्य सजिलै ६ ओभर ४ बलमा बिना बिकेट गुमाई प्राप्त गरेका थिए । बाराका लागि साना प्रबिनले ३० बलमा १ चौक्का सहित २० रनमा नटआउट रहेका थिए भने अतिरिक्तको रुपमा ४६ रन प्राप्त गरेका थिए । खेलको म्यान अफ द म्याच बाराका साना प्रबिन भएका थिए ।

# सूचना

हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिँदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग





देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit
CITY EXPRESS
Best Remit
PRABHU Money Transfer
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेबसाइट** : rajbirajdainik.com.np